# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# छैठौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

## १. वैधानिक सभा

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको छैठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष प्रदीप जंग पाण्डेज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति : २०६९ आश्विन १६ गते, मंगलवार (२ अक्टोबर २०१२)
स्थान : अमृतभोग, कालिकास्थान, काठमाण्डौं
समय : विहान ११.०० बजे प्रारम्भ भई दिउँसो २.३० बजे सम्पन्न भएको

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको छैठौं वार्षिक साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०६९।५।२६ को कान्तिपुर राष्ट्रिय दैनिक र २०६९।०५।२८ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. छलफलको विषयहरु

### क. साधारण प्रस्तावहरु

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६९ आषाढ मसान्तको वासलात र मिति २०६८/०४/०१ देखि २०६९/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्पूर्ण वित्तिय विवरणहरु स्वीकृत गर्ने ।

३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ८.४२ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०६९/७० को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने समूह "क" अर्न्तगत उप-समुह ५ को संचालकको निर्वाचन गर्ने ।

**ख.** **विविध**

**५. उपस्थिति**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री प्रदीपजंग पाण्डे | अध्यक्ष |
| २. | श्री बालकृष्ण प्रसाई | व्यवसायीक संचालक |
| ३. | श्री मनोहर दास मूल | संचालक |
| ४. | श्री प्रकाश चन्द्र मैनाली | संचालक |
| ५. | श्री पवित्र कुमार कार्की | संचालक |
| ६. | श्री अर्जुनलाल राजबंशी | संचालक |

**५.२ अन्य पदाधिकारीको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

**५.३ शेयरधनीहरुको उपस्थिति**

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : ६९६

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या : २८

३. जम्मा उपस्थित संख्या : ७२४

**६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप**)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ६३,७३१ | ७२४ | ५५.२८ प्रतिशत |
| समूह “क” अर्न्तगत उप-समूह १,२,३,४,५ | २२८ | ७० | ५४.२७ प्रतिशत |
| सर्वसाधारण समूह “ख” समूह | ६३,५०३ | ६२६ | १.०१ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कूल कित्ता | २,१०,१८,४०० | | ५५.२८ प्रतिशत |

### ७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको छैठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ६९६ भएको र प्रोक्सी मार्फत २८ गरि कुल शेयरको ५५.२८ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै विहान ११:०० बजे अध्यक्ष प्रदीपजंग पाण्डेज्यूको सभापतित्वमा बैंकको छैठौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

### ८. वार्षिक साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०६८।६९ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

२. तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०६९ आषाढ मसान्तको वासलात, २०६८।०४।०१ देखि २०६९।०३।३१ सम्मको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाडंफाडं हिसाव र नगद प्रवाह विवरण सहितका सम्पूर्ण वित्तीय विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

### ९. छलफलको लागि आह्वाान र सहभागी शेयरधनी महानुभावहरु

९.१ बैंकको आ.व. २०६८।६९ को बार्षिक प्रतिवेदन, २०६९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६८।६९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुंदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम**

१. विनय कुमार शर्मा
२. अमृत नाथ रेग्मी

३. उद्धव प्रसाद घिमिरे
४. मेजर कुबेर श्रेष्ठ
५. डा. भारु कुमार श्रेष्ठ
६. शिव प्रसाद शर्मा
७. डमरु बल्लभ घिमिरे
८. रोज कुमार श्रेष्ठ
९. इश्वर दास कर्माचार्य
१०. महेन्द्र वहादुर श्रेष्ठ
११. नर्सिंङ लाल चकु
१२. दामोदर रेग्मी
१३. लवराज जोशी

**१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । बैंकको संचालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै बैंकवाट भए गरिएको कार्यहरुको मूल्याङकन गरि राम्रा कामको सरहाना तथा देखिएका कमी कमजोरीहरु औल्याउदै आगामी दिनहरुमा सुधार गर्दै लैजानु पर्ने कुरामा जोड दिनु भयो । बैंकको हितका लागि शेयरधनी वक्ताहरुले आ–आफ्ना तर्फवाट सुझावहरु प्रस्तुत गर्नु भयो । बैंकसंग संलग्न सवै पक्षलाई धन्यवाद दिनु भयो । साथै बैंकिङ्ग व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरि वित्तीय व्यवसायलाई अझ अगाडी वढाउदै लैजानु पर्दछ र आगामी वर्षमा लभासं वितरण दोहोरो अंकमा पुर्‍याउनु पर्दछ भन्ने कुरामा प्राय सवै शेयरधनी वक्ताहरुले बैंकको संचालक समितिको ध्यानाकर्षण गराउनु भयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएकोछ ।

**१.विनय कुमार शर्मा**

बैंकले विगत ५ वर्षमा गरेको उपलब्धीहरुलाई हेर्दा एवं बैंकिङ्ग व्यावसायमा दिन प्रतिदिन देखिएको व्यवसायीक प्रतिस्पर्दाका दृष्टिकोणले समेत यस बैंकका कार्य तथा सफलताहरु संन्तोष जनक नै छ । बैंकिङ्ग व्यवसायको उच्च प्रतिफल उपलब्ध गर्नका लागी लामो समय अवधि व्यतित् गर्नु पर्ने हुन्छ । बैंकिङ्ग व्यवसायलाई अझ वढि व्यावसायीक र क्षमतावन वनाउनका लागी नेपाल राष्ट्र बैंकले लगानी नितिमा परिवर्तन गरि चुक्ता पूँजी २ अरव वाट बृद्धि गरि ५ अरव पुर्‍याउन लागी रहेको वर्तमान परिस्थितिमा यसले पक्कै पनि केहि न केहि समस्या सिर्जना गर्न सक्ने अवस्था देखिन्छ त्यसैले यस्तो समस्या भोलि देखा पर्नु भन्दा पहिले नै बैंकले यस किसिमको समस्या भोग्नु नपरोस भनी पहिले नै आवश्यक सोच वनाउनु पर्दछ भन्ने सुझाव दिन चाहन्छु ।

**२. अमृत नाथ रेग्मी**

बैंकमा व्यक्ति विशेषलाई भन्दा संस्थागत लगानी कर्तालाई उच्च प्राथमिकता दिई सहभागी गराउनु पर्ने देखिन्छ । जव अगाडि बढ्दै जानु छ भने २/४ वटा नयाँ किसिमका रणनिति अवलम्वन गर्नै पर्ने देखिन्छ । यदि बैंकको पनि मर्जरमा जाने सोच छ भने आफ्नो साथी खोज्दा मन मिल्नेलाई नै साथ लिनु पर्दछ । मैले केहि अन्तराष्ट्रिय बैंकहरुको वार्षिक प्रतिवेदनहरु पनि अध्ययन गरेको छु । मैले अध्ययन गरेका त्यस्ता प्रतिवेदन र यहाँ प्रस्तुत भएको प्रतिवेदनमा केहि

फरक छ । अन्तराष्ट्रिय बैंकहरुको प्रतिवेदनमा अध्यक्षले समस्या र समाधानको मात्र उल्लेख नगरी आफुलाई परेको समस्याहरुको वारेमा पनि सभा समक्ष प्रस्तुत गर्ने गर्दछन् तर यस प्रतिवेदनमा अध्यक्ष ज्यु ले त्यस्तो आफुलाई परेका कठिनाई समस्याहरु कुनै पनि उल्लेख गरेको पाईदैन । आफुलाई परेका कठिनाई र समस्याहरु सभा समक्ष प्रस्तुत गरेमा कठिनाईहरुलाई सुल्भाउन केहि न केहि उपाय यस सभावाट अवश्य निस्किन्छ भन्ने मैले विश्वास लिएको छु त्यसैले त्यस्ता परेका समस्याहरु पनि आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ । चाटर्ड एकाउण्टेनवाट बैंकको लेखा परिक्षण हुन्छ त्यस पछि ने.रा.बैं. ले पनि थप परिक्षण गर्दछ अनि मात्र उक्त लेखा प्ररिक्षण प्रतिवेदन वार्षिक साधारण सभा समक्ष पेश गरिन्छ । त्यसरी तयार भएको प्रतिवेदन यस सभा समक्ष पाठ गरिसके पछि हामीले नाफा पुगेन भनी गुनासो गर्ने ठाउ पनि यहि सभा नै हो । Add Back भएको छ भनी उल्लेख गरेर मात्र पुगेन के समस्या छ त्यो पनि सभालाई भन्न पर्‍यो । आफ्ना कमि कम्जोरीहरुका वारेमा पनि भन्ने गरौं । प्रतिवेदनमा आफ्ना Positive कुराहरुलाई मात्र उल्लेख गरेको दखिन्छ । आफुलाई परेका समस्याहरु व्यालेन्स सिटमा नै उल्लेख गरौं । Digester Management का निम्ति सचेत हुनु पर्ने देखिन्छ । हामीले आफ्ना Data हरु Backup का लागी देश भित्रैका अन्य भागमा मात्र राख्ने गरेका छौ यसवाट मात्र हामीहरु सुरक्षित रहन सक्दैनौ होला नेपाल देखि वाहिरका ५ वटा Continental मा पनि Digester Management को लागी आफ्नो Data राख्नु पर्ने देखिन्छ । हामी सरहका र हामी भन्दा पहिलेका बैंकसंग तुलना गर्दा Foreign Exchange Mobilization कम देखिन्छ तर पनि मुनाफाका दृष्टिले राम्रै आम्दानीको रुपमा रहेको छ, यो राम्रो पक्ष हो यसलाई पनि व्यालेन्स सिटमा उल्लेख गर्नु पर्दछ । NPA वढि हुँदा हुदै पनि समकक्षी बैंकहरुको तुलनामा सन्तोष जनक नै मान्नु पर्दछ । Cost of Fund वढि देखिएकोले यसलाई क्रमशः कम गर्दै लैजानु पर्ने देखिन्छ । कर्मचारी खर्च र अन्य संचालन खर्चको तुलनात्मक रुपमा वढि देखिन्छ । कर्मचारी खर्च सरकारी बैंकमा जस्तै हुन लागेको जस्तो छ यसलाई कम गर्नु पर्ने देखिन्छ । LLP मा १२ करोड राखेकोमा ८ करोड Add Back गरिएको यो राम्रो पक्ष हो । File Audit पनि गराउने गर्नु पर्दछ यस्ले ति फाईलहरुमा के कति कागजजातहरु पुगेका छैनन् भन्ने थाह जानकारी हुन्छ । Contingent Liabilities लाई पनि ध्यान दिने गरौं ।

**३. उद्धव प्रसाद घिमिरे**

बैंकले प्रतिफल वितरण गर्ने निति निर्धारण गर्नु पर्दछ । बैंकले एकोहोरो अंकमा मात्र लाभाशं वितरण गरेकोमा आगामी दिनहरुमा दोहोरो अंकमा लाभांश वितरण गर्नु पर्‍यो । बैंकले बैकिङ्ग क्षेत्रमा पहिलो वार्षिक साधारण सभा गर्न सफल भएकोमा धन्यावाद दिन चाहन्छु । बैंकले वितरण गर्ने लाभाशं रकम यथाशक्य छिटो वितरण गरोस भन्ने कामना गर्दछु । वार्षिक प्रतिवेदन र व्यालेन्स सिट असाध्यै राम्रो छ तर आगामी दिनमा बार्षिक प्रतिवेदनमा विषयसूचि पनि राखियोस् । Total Asset बढाउन सक्नुभएको तथा प्रष्टसँग लेखा राखिदिनुभएकोमा बैक, संचालक समिति तथा व्यवस्थापकलाई धन्यबाद दिन चाहन्छु । व्यक्तिगत खातामा व्याजदर अझ बढाइदिनुभए झन राम्रो हुन्थ्यो । वार्षिक प्रतिवेदनको अनुसुची ५ मा उल्लेख भएको बाँकी रहेको लाभांश रकम छिटोभन्दा छिटो शेयरधनीहरुका माझ पुर्‍याइदिनुभए राम्रो हुन्थ्यो । १५ करोड ६० लाखमा क्रिष्टल फाइनान्सको घरजग्गा खरिद गरिएकोमा सोको क्षेत्रफल कति हो सो पनि खुलाइदिनुहोस् । Other Liability मा देखिएको रकम कसलाई के का लागि तिर्नुपर्ने हो त्यो पनि व्यालेन्स सिटमा देखाइदिएको भए राम्रो हुनेथियो । कम्पनीको भिजन राम्रो होस्, लगानी पनि राम्रो क्षेत्रमा होस् र प्रतिफल अझ बढी दिन सकियोस् भन्ने सुझाव दिन चाहन्छु । आगामी दिनमा बैकको उत्तरोत्तर प्रगति हुँदै जाओस् भन्ने कामना गर्दछु ।

**४. मेजर कुबेर श्रेष्ठ**

व्यावसायिक कारोबार गरेको ६ वर्ष पुगीसकेको बैकले हामी शेयरधनीलाई ८.४२ प्रतिशत लाभांश दिनुभयो । ३०० जनालाई जागिर दिएर ३३ वटा शाखा खोली नाफा कमाउनु भएर १० करोड कर तिरी कुल नाफा २३ करोडको हाराहारीमा कमाउन सक्नुभयो । तैपनि अन्य समकक्षी बैकहरुको तुलनामा यो त्यति बढी हैन । यस वैंकले त आफ्नो नाम अनुसार अन्य समकक्षी बैंकहरुलाई जित्न सक्ने हुनुपर्छ । गत साल १० प्रतिशत लाभांश पाउने तर यसपाली ८ प्रतिशत मात्र पाउने यो किन के कारणले भएको हो सभासमक्ष स्पष्ट पारियोस् । अन्य समकक्षी बैकको तुलनामा निक्षेप पनि कम, नाफा पनि कम देखिएको छ । आगामी बर्षहरुमा दोहोरो अंकमा लाभांश वितरण गरियोस् । राष्ट्रिय अन्तराष्ट्रिय ख्यातीप्राप्त व्यक्तिहरु संचालक समितिमा भएकोले शेयर मार्केट बढाउन बैंकको तर्फबाट प्रयास गर्नुपर्‍यो । प्रति शेयर आम्दानी घट्दो क्रममा रहेकोले यसलाई वढाउनु पर्ने देखिन्छ । सर्वसाधारण शेयरधनीहरुले किनेको शेयरको रकम तल झार्ने काम गर्नुहुँदैन । सामाजिक दायित्वको रुपमा गरेका लगानीहरु अझ बढाउन प्रयास गरियोस्

। केही प्रश्नहरु राख्न चाहन्छु । वर्तमान परिप्रेक्ष्यमा नेपालमा शेयरमार्केट डाउन भइरहेको अवस्थामा शेयर मार्केट अभिबृद्धि गर्नका लागि नयाँ तथा अतिरिक्त योजनाहरु के बनाउनुभएको छ ? बार्षिक प्रतिवेदनको पेज नं. १३ मा उल्लेख भएबमोजिम निष्क्रिय कर्जा माथि जानुको बदला तल झार्नुपर्ने देखिन्छ । बैंकले नाफा कम कमाएकोमा यसपालि किन कम भएको हो ? बैंकले वितरण गर्ने लाभांश किन कम भएको हो के कति कारणले कम हुन गएको हो सभालाई स्पष्ट जानकारी पाउँ । वार्षिक प्रतिवेदन कै पाना नं. ४४ मा बैंकले प्रदान गर्ने तालिमहरुमा भएको लगानी भन्दा कर्मचारीहरुले पाउने लुगाभत्तामा बढी भएको देखिन्छ । बैंकले गरेको कानूनी खर्चमा किन यती बढी खर्च भएको हो त्यो पनि यस सभामा जानकारी पाउँ । कार्ड छपाई खर्चमा २९ लाख खर्च भएको देखिन्छ । त्यस्तै मसलन्द खर्चमा ८५ लाख खर्च गरिएको देखिन्छ किन यति बढी खर्च भएको हो सो स्पष्ट खुलाइदिनुहोस् । निष्क्रिय कर्जा बढी भएछ त्यसमा घटाउन प्रयास गरियोस् । त्यस्तै गरि केही सुझावहरु दिन चाहन्छु । बैंकमा सेवा लिन आउने सर्वसाधारण शेयरधनीहरुलाई उचित सम्मान भएको देखिएन त्यसतर्फ ध्यान दिइयोस् । बैंकले निर्व्याजी निक्षेप एक अर्ब पुर्‍याउनुपर्‍यो । सय जना व्यक्तिमध्ये एकजना सिटिजन्स बैकको ग्राहक बन्ने वातावरण बनाउनुहोस् । बैंकको खुद नाफा ३५ अर्ब पुर्‍याउने टार्गेट बनाउनुपर्‍यो । साथै अन्य कम्पनीको शेयरमा लगानी गर्ने वातावरण मिलाई हाइड्रोपावर जस्ता बढी नाफा हुने कम्पनीको शेयरमा लगानी गरियोस् । बैंकले कार्यसम्पादन गर्ने क्रममा तयार गरिने कागजपत्रहरु तगडा रुपमा राख्नुहोस् । संस्थाको सुशासन अझ राम्रो बनाउनुहोस् । कर्मचारीहरुलाई तालिम राम्रोसँग दिनुहोस् र तलबभत्ता लगायतका सुविधा देशकाल परिस्थिती अनुसार मिलाउने कार्य गरियोस् । रेमिट्यान्स मार्फत प्राप्त हुने निक्षेपलाई यस बैंकले बढीभन्दा बढी भित्र्याउने अवस्था सृजना गरोस् । संचालक समितिका सदस्यहरुले गरेको कार्यमूल्यांकनहरुलाई पनि सभासमक्ष जानकारी गराइयोस् ।

**५. डा. भारु कुमार श्रेष्ठ**

आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र वार्षिक साधारण सभा गरिसक्नु पर्ने कानूनी प्रावधान रहेकामा २ महिना १६ दिन मै साधारण सभा गरि सवैभन्दा पहिलो साधारण सभा गर्ने कम्पनी भएकोमा धन्यवाद दिन चाहन्छु । यस वर्ष पनि वोनस शेयरको आशा गरेको थिए तर आउन सकेन । वार्षिक प्रतिवेदनमा राखिएको दफा १०९ को विवरणमा यस बैंकको धारणा उल्लेख भएको छ तर चालु आ.व.को कुल नाफा लक्ष्य कति हो त्यो उल्लेख गरेको पाईएन । यस साधारण सभालाई सो सम्वन्धि जानकारी स्पष्ट संग दिनु पर्दछ । बैंकद्धारा गठित लेखा परीक्षण समिति कत्तिको प्रभावकारी छ त्यो पनि सभा समक्ष जानकारी दिनु पर्‍यो । यस बैंकले संस्थागत सुशासन कत्तिको दिन सकेको छ त्यो पनि स्पष्टसंग आएको छैन । Profit Growth गर्नु भनेको ठूलो चुनौति हो यसको सम्वन्धमा के कस्तो व्यवस्था गरिएको छ । कर्पोरेट लिडरशिपमा संचालक समितिको ठूलो भूमिका हुने भएकोले यसमा सर्तकता पुर्‍याउनु पर्ने देखिन्छ । कर्मचारीले योग्यता देखाउन सक्ने वातावरण दिनु पर्दछ । कर्मचारीलाई Motivate गर्न सकेको जस्तो लागेन त्यस्तै कर्मचारीमा पनि संस्था प्रति इमान्दारीता हुनु पर्दछ । संचालक समिति Best Model मा छ कि छैन त्यसमा विचार गर्नु पर्दछ । आजको व्यवसायिक वातावरणले बैंक तथा वित्तिय संस्थाहरु मर्जरमा जानुपर्ने अवस्था देखिएको छ त्यसैले बेलैमा मर्जरको वारेमा पनि अध्ययन गर्दै जानुपर्दछ भन्ने मलाई लाग्दछ । बैंकले 3E ( Effectiveness, Efficeincy and Economy) लाई ध्यान दिई कार्य गरेमा अझ राम्रो सफलता हासिल गर्न सकिने देखिन्छ ।

**६. शिव प्रसाद शर्मा**

बैंकको नाम अनुसारको काम पनि हुनु पर्‍यो । यस बैंकले राष्ट्रिय अन्तराष्ट्रिय ख्याति वढाउनु पर्दछ । लगानीको प्रतिफल घट्दै गएको देखिन्छ त्यो किन हो । Add Back मात्र होईन धेरै नाफा पनि कमाउनु पर्दछ । बैंकले शाखा विस्तार मात्र गरेर हुदैन शाखा खोले अनुसारको नाफा पनि कमाउन सक्नु पर्दछ । यस वार्षिक प्रतिवेदन तयार गर्दाका अवस्था सम्ममा बैंकले के कति नाफा भएको छ त्यो पनि प्रतिवेदनमा उल्लेख गरिदिएको भए अझ राम्रो हुने थियो । लगानीको क्षेत्र केहि हदसम्म घटेको देखिन्छ लगानीको वातावरण हेरी उपयूक्त क्षेत्रमा लागनी वढाउन पर्‍यो । हाइड्रो क्षेत्र तथा इन्स्योरेन्स क्षेत्रमा पनि लगानी गर्दा राम्रै हुन्छ भन्ने लाग्दछ । शाखा कार्यालयहरुको मूल्याङकन गरि लगानी गर्नु पर्‍यो र त्यस्ता शाखाहरुले कमाएको मुनाफाहरुलाई पनि वार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्‍यो । सर्वसाधारणले गरेको लगानीलाई पनि ध्यान दिई शेयरमा लगानी गरेका लगानीकर्ताहरुको हित संरक्षण गर्न आवश्यक पहल गर्नु पर्ने देखिन्छ । कर्जा प्रदान गर्दा धितो सुरक्षण राख्ने सम्पत्तीको मूल्याङकनको ५० प्रतिशत भन्दा वढि लगानी गर्नु भएन । साधारण सभामा शेयरधनीहरुले उठाएका कुराहरु पनि वार्षिक प्रतिवेदनमा उल्लेख गरिदिनुहुन अनुरोध

गर्दछु । बैंकको मर्जर सम्वन्धि अवधारण के छ त्यो पनि खुलाईदिनुहोस । अर्को वर्ष दोहोरो अंकमा लाभाशं वितरण हुनु पर्दछ भन्ने कामना गर्दछु ।

**७. डमरु बल्लभ घिमिरे**

सर्वप्रथम वार्षिक साधारण सभा संचालन गर्नु भएकोमा बैंक संचालक समिति तथा बैंक व्यवस्थापनलाई शुभकामना तथा धन्यवाद दिन्छु । विश्लेषणत्मक रुपमा हेर्ने हो भने सिटिजन्स बैंकले नेपालमा भएका बैंक तथा वित्तिय संस्थान एवम् अन्य कम्पनीहरु मध्ये पहिलो साधारण सभा गर्ने कार्य गरेकोमा धन्यवाद दिदैं गर्व गर्ने अवस्था सिर्जना भएको छ साथै शेयरधनीहरुको अत्याधिक उपस्थिति भएकोले पनि बैंकको गरिमा बृद्धि हुदै गएको देखिन्छ । बैंकले जनमानसमा विश्वासिलो आधार देखाउन सफल भएको महसुस गरि यसका लागी पनि बैंकसंग सम्वद्ध सवै पक्षलाई वधाई दिन चाहन्छु । अर्को वर्ष वितरण गर्ने लाभाशंमा बृद्धि हुनु पर्‍यो । बैंकका गतिविधी सम्वन्धि शेयरधनीहरु माफ्न सूचना प्रदान गर्ने नेपालका बैंकहरु मध्ये नम्वर एक कै बैंक हो । Fast Track Loan जस्तो Product ल्याएको असाध्यै राम्रो छ अझै यस्ता आकर्षक Product हरु ल्याएमा राम्रो नै हुनेछ यस तर्फ बैंकले ध्यान पुर्‍याओस । साना ऋणीहरुलाई थोरै धितो लिई अझ प्रभावकारी कर्जा निती ल्याउनु पर्ने देखिन्छ । वार्षिक प्रतिवेदनको पेज नं. २६ मा उल्लेख भएका प्रतिशत धारण गर्ने शेयरधनीहरु संस्थापक शेयरधनी हुन कि सर्वसाधारण शेयरधनीहरु पनि हुन सो समेत खुलाई दिनुहुन अनुरोध गर्दछु । बैंकले खोलेका शाखाहरुको अनुपातमा खर्च वढि भएको देखिन्छ । यसै वार्षिक प्रतिवेदनको पाना नं. ८१ मा छापिएको नेपाल राष्ट्र बैंकको प्रतिवेदन वारे स्पष्ट संग खुलाई दिनुहोस । प्राप्त हुने लाभाशं रकम लिन एलिट क्यापिटलमा लामो लाईन वस्नु पर्ने भएको हुँदा उक्त लाभाशं लिनलाई सरलीकरण गरिदिने व्यवस्था मिलाई दिएका धेरै राम्रो हुने थियो । बैंकले प्रकाशित गरेको वार्षिक प्रतिवेदन पुस्तिकामा बैंकका शाखा प्रबन्धक तथा विभागीय प्रमुखहरुको चिनारीका साथै बैंकमा कार्यरत कर्मचारीहरुको संयुक्त फोटो समेत छाप्ने व्यवस्था मिलाए अझ सुन्दर हुने थियो ।

**८. रोज कुमार श्रेष्ठ**

सभामा अध्यक्षज्यु ले पेश गर्ने प्रतिवेदन साराशंमा उपलब्ध गराई दिए समयको वचत हुनुका साथै अझ राम्रो हुने थियो । यस बैंकले शुरुका वर्ष देखिनै हरेक वर्ष लाभाशं दिन सक्षम भएको मा वधाई दिन चाहन्छु । बैंकहरुले आफ्नो बैंकिङ्ग व्यवसाय संचालन गर्न धेरै समस्याहरु भोगेका छन् जस्तै सुरक्षित लगानीको क्षेत्र खोजी गर्नु, चन्दा आतंक क्रमिक रुपमा बृद्धि हुदै जानु जस्ता अनेक समस्याहरु छन् । अनावश्यक चन्दा दिन नपरेको खण्डमा बैंकले वितरण गर्ने लाभाशं पक्कै पनि वढि हुने नै थियो भन्ने आशा गर्दछु । ने.रा.बैं. ले चुक्ता पूजी बृद्धि गर्ने निति ल्याउन लागेको हुँदा यस तर्फ पनि विचार पुर्‍याईयोस । अन्य बैंकहरु भन्दा पहिलो साधारण सभा गर्ने बैंक भएकोमा वधाई दिन चाहन्छु । १४ वटै अञ्चलमा शाखा कार्यालय विस्तार गरि नम्वर एक वन्न खोजेको त देखिन्छ तर वार्षिक प्रतिवेदनमा उल्लेख भएको फिगरले अप्ठ्यारो पारेको महशुस हुन्छ । गत वर्षको तुलनामा लगानी कम गरेको देखिन्छ साथै २२ करोड Add Back पनि थप भएको प्रतिवेदन वाट देखिन्छ । Internal अडिटरलाई अझ सक्रिय वनाउन पर्ने देखिन्छ । भएको नाफालाई पनि नदेखाएकोले External अडिटरसंग समन्वय गरि आगामी वर्षहरुमा Accurate Figure देखाउन तिर ध्यान दिनु पर्ने देखिन्छ । साथै बैंकको मर्जर सम्वन्धि अवधारण के छ यदि मर्जरमा जाने हो भने त्यसका लागी राम्रो पटर्नर समयमै खोज्दा राम्रै पाटर्नर भेटिन्छ ।

**९. ईश्वर दास कर्माचार्य**

वार्षिक साधारण सभामा वोल्ने वक्ताहरुको नाम तलमाथि नपरोस टिपाएका नामहरुलाई क्रमश: वोलाईयोस भन्ने सुझाव दिन चाहन्छु । वार्षिक प्रतिवेदनको पाना नं. ४ मा उल्लेख भएको Working Fund बृद्धि भएको पाईन्छ । यसले आगामी दिनहरुमा अझ राम्रो परिणम दिन सहयोग नै पुर्‍याउछ । Operation Profit मा कम भएको देखिदा यसमा संचालक समिति सजग हुनु पर्दछ । पुँजी कोष कम भएको विषयमा अध्यक्षज्युले यसलाई हल्का रुपमा लिनु भएको छ यसतर्फ विचार पुर्‍याउन अनुरोध गर्दछु । प्रतिवेदनको पाना नं. ८ उल्लेख भएको मानव संशाधन तर्फ भनाई र गराईमा फरक रहेको पाएको छु । Skillfull कर्मचारीलाई अंगाल्न सकेको देखिदैन । बैंकले लाभाशं रकम निरन्तर दिईरहेको छ, शेयरधनीहरुलाई प्रत्येक वर्ष केहि न केहि दिईरहनु भएको हुँदा यस कार्यलाई निरन्तरता कायम राखेकोमा धन्यवाद दिन चाहन्छु । प्रतिवेदन कै पाना नं. २८ मा उल्लेख भएको Paid up Capital को आधारमा व्याज आम्दानी पर्याप्त छैन व्याज आम्दानीले चुक्ता पूँजीलाई उछिन्नु पर्ने नै देखिन्छ । Non Interest income मा सुधार गर्न पर्ने देखिन्छ । गैह्र कोषमा आधारित आम्दानी कम्तीमा व्याज आम्दानीको ५० प्रतिशत हुनु पर्दछ । कर्जाको

पुर्नरसंरचना गर्नु दिर्घकालिन समाधान होईन यस तर्फ सजग रहनु पर्दछ । प्रतिवेदनको अनुसूचि २५ मा उल्लेख भए अनुसार १२ करोड व्यवस्था गरेकोमा ७ करोडमात्र फिर्ता ल्याउनु भएकोले खराव कर्जा नवढेको हो की भन्ने आभास दिन्छ । यस सम्वन्धमा संचालक समितिवाट आवश्यक जानकारी सभालाई दिनुहुन अनुरोध समेत गर्दछु । हामीले सभामा वोलेका सवै कुराहरुलाई निर्णय पुस्तिकामा समावेश गरि सो को अभिलेख समेत गरिनु पर्दछ ।

**१०. महेन्द्र वहादुर श्रेष्ठ**

वार्षिक साधारण सभा गर्न पहिलो भएकोमा आगामी वर्षहरुमा पनि यसलाई निरन्तरता दिईयोस । नेपाल राष्ट्र बैंकले वित्तीय संस्थाहरुलाई समस्या ग्रस्त घोषणा गर्ने कार्य बृद्धि भईरहेको अवस्थामा यस बैंकले आफूलाई सो वाट मुक्त राख्नुपर्ने हुन्छ । संस्थागत सुशासन प्रभावकारी वनाउनका निम्ति बैंकर्स एशोसियसनले पनि आवश्यक पहल गर्नु पर्ने देखिन्छ । बैंकहरुले गर्ने लागानीहरुमा असुलीको समस्याहरु देखिएको छ, राम्रा भनिएका धितो सुरक्षणहरु पनि विक्री हुदैनन् तसर्थ लगानी गर्दा बैंक पनि सुरक्षित होस् र ऋणीहरुलाई पनि व्यवसाय गर्ने वातावरण तयार गरियोस् । शेयरधनी वचत खातामा सर्भिस चार्ज नलिई केहि प्रतिशत वढि व्याज दिने व्यवस्था मिलाईयोस् । लिक्युडिटीको समस्या पर्न सक्छ त्यसैले ग्राहक र वचतकर्ताहरुलाई विशेष ध्यान दिनुपर्ने देखिन्छ । घरजग्गामा गरिएको लगानीमा Negative Impact देखिएको हुँदा यसमा बैंकले विशेष ध्यान दिई कार्य गर्नु पर्ने देखिन्छ । बैंकले वितरण गर्ने लाभाशं कम्तीमा १५ देखि २० प्रतिशतको हाराहारीमा हुनु पर्ने देखिन्छ । बैंकको तर्फवाट गर्नु पर्ने सूचना सम्प्रेषण गर्ने कार्य अत्यन्त राम्रो छ यसको सरहाना गर्दछु ।

**११. नर्सिंङ लाल चकु**

बैंकले वार्षिक साधारण सभा गर्न पहिलो भएकोमा धन्यवाद दिन चाहन्छु । शेयरधनीहरुले वार्षिक साधारण सभामा वोल्न पाउने अधिकारलाई सुरक्षित राखेको छ । बैंकले हाइड्रो पावरमा लगानी गरिएको कार्य राम्रो पक्ष हो । बैंकले विस्तार गरेका शाखा कार्यालयहरु पनि मुनाफा मूलक हुनु पर्दछ साथै कर्मचारीहरुको सेवा सुविधामा पनि राम्रो सुधार गरिदै लगिनु पर्दछ साथै कार्य सम्पादन मूल्याङकनमा आधारित भई कर्मचारीरुको मूल्याङक समेत गरि पुरस्कृत गरिदै लगिनु पर्दछ । Market and Credit risk लाई पनि विशेष ध्यान दिनु पर्ने देखिन्छ । Camels Rating को आधारमा बैंकले पनि आफ्नो मुल्याङकन आफैले गर्नु पर्ने देखिन्छ साथै बैंकले SWOT विश्लेषण विस्तृत रुपमा गर्नु पर्ने देखिन्छ । नयाँ नयाँ Product ल्याएकोमा खुशी लाग्यो आगामी दिनहरुमा अझै आकर्षक Product ल्याउन सुझाव दिन्छु ।

**१२. दामोदर प्रसाद रेग्मी**

यस बैंक सर्वप्रथम वार्षिक साधारण सभा गर्न सफल भएकोमा धन्यवाद दिन चाहन्छु । बैंकले तयार गरेका योजना कार्यन्वयन र उपलब्धीमा कहिकतै चित्त नवुझेको देखिन्छ । लाभाशं कम दिएको हुँदा कम्तीमा पनि १० प्रतिशत दिन सक्ने हुनु पर्दछ भन्ने गुनासो सवै शेयरधनीहरुको रहेकोछ । लाभाशं वृद्धि भै रहेको अवस्थामा यो वर्षमा झन तल झरेको देखिन्छ । यस क्रमलाई निरन्तरता दिएमा आगामी वर्षहरुमा झन कम हुदै जाने अवस्था देखिन्छ । आगामी वर्षको मुनाफा बृद्धि गर्ने लक्ष्य वढाउनु पर्ने देखिन्छ । कर्मचारीहरुलाई गरेको खर्चको तुलनामा नाफा बृद्धि गर्न सकिएको देखिदैन । बैंकले प्राप्त गरेको साख (Good-will) लाई गिर्न दिने कार्य गर्नु हुदैन । आगामी दिनमा बैंकले खोल्ने शाखाहरुको सम्वन्धमा कार्यनिति नाफा मुलक वनाउनु पर्दछ साथै त्यस्ता खोलिएका शाखाहरुले खर्चको अनुपातमा नाफा पनि कमाउन सक्नु पर्दछ । वार्षिक साधारण सभा गर्न नम्वर एक भए जस्तै लाभाशं वितरण गर्न पनि एक नम्वर भएका देखाउनु पर्दछ । बैंकले अन्य बैंकसंग मर्जरमा जाँदा प्राप्त हुने थप अवसर र सम्भावनालाई पनि ध्यान दिनु पर्ने देखिन्छ । बैंकले अत्पकालिन तथा दिर्घकालिन योजनाहरु तयार गरि लागु गर्न पर्ने देखिन्छ । बैंकमा अत्यन्त सक्षम तथा प्रभावशाली व्यक्तित्वहरुको प्रतिनिधित्व हुँदा हुदै पनि आशातित रुपमा प्रतिफल हाँसिल गर्न सकेको देखिदैन ।

**१३. लवराज जोशी**

बैंकको उन्नती विना बैंकमा कार्यरत कर्मचारी, शेयरधनी र राष्ट्रले प्राप्त गर्ने राजश्वमा समेत उन्नती नहुने भएकोले सर्वप्रथम बैंकको उन्नति गर्न सम्वन्धित सवै पक्षले लाग्नु पर्ने देखिन्छ । बैंकको संचालक समिति तथा व्यवस्थापनको तर्फवाट तय गरिएका अल्पकालिन तथा दीर्घकालिन अवधिका योजनाहरु के के छन् तत् सम्वन्धमा सभा समक्ष प्रकाश पारिदिनुहुन आग्रह गर्दछु । बैंकमा कार्यरत कर्मचारीहरुलाई तालिम लगायत प्रदान गर्ने सेवा सुविधामा चुस्त पार्नु पर्ने देखिन्छ साथै कर्मचारीहरुलाई उत्प्रेरण दिन के गर्न सकिन्छ त्यस तर्फ पनि ध्यान दिउँ । अन्य बैंकहरुको तुलनामा यस बैंकलाई नम्वर एक बनाउनका लागी के गर्नु पर्दछ त्यस तर्फ हामी सवैले विचार गरौं । आगामी वर्षहरुमा पनि

शेयरधनीहरुले प्रसंशा गर्ने वातावरण वनाउनु पर्ने देखिन्छ । देखिएका जोखिमहरुलाई न्यूनिकरण पार्न प्रभावकारी कार्यहरु गर्नु पर्ने देखिन्छ । बैंकले शाखा खोली सकेपछि त्यस क्षेत्रमा बैंकले प्रदान गर्ने सेवाहरुले त्यस क्षेत्रको उन्नति प्रगति गराउने तर्फ पनि ध्यान दिनु पर्ने देखिन्छ साथै त्यस क्षेत्रमा हुने कृषि, पशुपालन लगायत साना उद्योगहरुलाई प्रोत्साहित गर्ने किसिमका लगानी निति वनाउनु पर्ने देखिन्छ । बैंकले गरेका लगानीहरुलाई सुरक्षित गर्न विशेष ध्यान दिनु हुनेछ भन्ने विश्वास लिएको छु । वार्षिक प्रतिवेदनमा बैंकले जग्गा खरिद गर्न पेश्की दिएको देखिन्छ कहाँको कति जग्गा किन्नका लागी दिईएको हो प्रष्ट पारिदिनु हुन अनुरोध गर्दछु । शेयरधनीहरुलाई दशैंको अगाडि दशैं खर्चको रुपमा लाभाशं दिन लागेकोमा खुशी व्यक्त गर्दछु । कर्मचारी वर्गले पनि दिलचस्पी लिई कार्य गर्नु हुनेछ भन्नेआशा गर्दछु । हामी लगानीकर्ताहरुले पनि आफुले लगानी गरेको संस्थाहरुमा भएका गतिविधीहरुलाई ध्यान राखी नियमित रुपमा सोधपुछ गरि रहनु पर्दछ । हामी शेयरधनीहरुले वोलेका दिएका सुझावहरुलाई पक्कै पनि आगामी वर्षमा प्रकाशित गरिने वार्षिक प्रतिवेदन पुस्तिकामा Address गरी प्रकाशित गर्नु हुनेछ भन्ने आशा गर्दछु ।

## १२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ :

बैंकका अध्यक्षज्यूले बार्षिक प्रतिवेदनमा भएमा त्रुटिहरु देखाउनु भएकोमा शेयरधनीहरुलाई धन्यवाद दिदै सुझावहरु सर्व स्वीकार्य भएको र उक्त सुझावहरु लाई मध्यनजर गर्दै आगामी वर्षमा यस्ता गल्तीहरु पुनः नदोहोरीने प्रतिबद्धता जाहेर गर्नुभयो । साथै अध्यक्षज्यूले आत्मा आलोचनाले आफूलाई नै अझ वढी सक्षम वनाउन सहयोग गर्दछ त्यसैले शेयरधनी महानुभावहरुले गर्नु भएको टिका टिप्पणी तथा दिनु भएका सल्लाह सुझावहरुलाई प्रेरणाको श्रोत सम्झी आगामी दिनहरुमा अझ प्रगतिको पथमा अगाडी वढ्दै जाने व्यहोरा प्रष्ट पार्नुभयो । प्राय सवै वक्ताहरुले लाभाशं दोहोरो अंकमा पुऱ्याई अझ बृद्धि गर्दै लानुपर्ने देखिन्छ भनी टिप्पणी गर्नु भएको छ तसर्थ आगामी दिनहरुमा यसलाई विशेष ध्यान दिइ दोहोरो अंकमा पुऱ्याउने प्रयास गरिनेछ भन्ने विश्वास दिलाउन चाहन्छु । बैंक गर्ने खर्चमा सक्दो मितव्ययीता नै गरिएको छ । गतवर्ष यहाँहरुले नै दिनुभएको सल्लाह सुझाव वमोजिम बैंकका तर्फवाट योजनावद्ध रुपमा कार्य संचालन गरिने गरिएको छ । बैंक मर्जर गर्ने तर्फ हाल सम्म कुनै सोच नरहेको जानकारी गराउदछौं । शेयरधनी महानुभावहरुले कार्डमा भएको खर्च प्रति गर्नु भएको टिप्पणीका सम्वन्धमा यो कुनै शुभकामनाको कार्ड छपाउनका लागी नभई बैंकले जारी गरेका भिसा कार्ड छाप्नका लागी खर्च भएको जानकारी गदाउदछौं । NPA का सम्वन्धमा बैंकले क्रमशः घटाउदै लैजाने निति लिएको छ साथै नेपाल राष्ट्र बैंकद्धारा जारी गरिएको निर्देशनलाई सधै आत्मसाथ गरिनेछ । वार्षिक प्रतिवेदनमा उल्लेख भएको ०.५ प्रतिशत भन्दा वढि भएका शेयरधनीहरु सवै संस्थापक शेयरधनीहरु नै हुन । पेश्की दिईएको भनिएको रकम बैंकले आफ्नो स्थायी वासस्थान वनाउनका लागी खरिद गर्न लागिएको जमिनका लागी दिईएको रकम हो हाल उक्त जमिन खरिद गरी बैंकको नाममा पनि आईसकेको व्यहोरा सभालाई जानकारी गराउदछु । लाभाशं वितरण भोली देखिनै शुरु गरिने छ र उक्त लाभाशं वितरण गर्ने कार्यलाई सक्दो सरल वनाईने कुरामा यहाँहरु निश्चिन्त रहनु भए हुन्छ । बैंकले आफ्ना कर्मचारीहरुलाई दक्ष वनाउनका लागी आवश्यकता अनुसार विभिन्न प्रकारका तालिमहरु प्रदान गरिनै रहेको छ र आगामी दिनहरुमा अन्य उपयुक्त तालिमहरु प्रदान गर्दै लैजाने छ  नाम अनुसारको काम हुनु पऱ्यो भन्ने कथनलाई सार्थक वनाउन हामी सधै कटिवद्ध रहेको जानकारी गराउदछौं । बैंकको आम्दानी वढाउनु र खर्च घटाउनु पऱ्यो भन्ने नितान्त जायज कुरा हो यस तर्फ हामी आगामी दिनहरुमा प्रभावकारी कार्यहरु गर्दै लैजानेछौं । बैंकको तर्फवाट गरिने लगानी प्रति हामी अत्यन्त सजग नै भएर गर्ने गरेका छौ । हाम्रा संचालक समितिमा कुनै किसिमको मतक्यता छैन सवै संचालकहरुले एक ढिक्का भई निर्णय गर्ने गरेका छौं । शेयरधनी महानुहरुलाई जहिले सुकै जाहाँ सुकै भेटेका वखतमा आवश्यक सल्लाह सुझावहरु दिन तथा देखिएका कमि कम्जोरीहरुलाई औंल्याईदिनु हनु समेत यसै सभावाट अनुरोध गर्दछु । यहाँहरुको सल्लाह सुझाव सधै हामीहरुका लागी प्रगतिको मार्ग निर्देशकका रुपमा रहने छ । वक्ताहरुको प्रश्नको जवाफ दिने क्रममा खर्च घटाउने, आम्दानी बढाउने तथा बैंकको मुनाफा बृद्धि गर्नुपर्ने जस्ता सुझावहरुलाई मनन गर्ने बताउनु भयो ।

१३. सभाको निर्णय

(क) छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ
(क) साधारण प्रस्तावहरु

**१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०६८।६९ को सञ्चालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्‍यो ।

**२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६९ आषाढ मसान्तको वासलात र मिति २०६८/०४/०१ देखि २०६९/०३/३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।**

लेखा परीक्षकको प्रतिवेदन सहितको २०६९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६८।६९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

**३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ८.४२ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत सञ्चालक समितिवाट ८.४२ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरिएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

**४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०६९/७० को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ.व. २०६९।७० को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम बैंकका लेखा परीक्षकमा श्री जे. सन्तोष एण्ड कम्पनी, चार्टड एकाउन्टेन्सलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेवापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे बापत एकमुष्ट रुपमा रु. २,७५,००० (मूल्य अभिबृद्धि कर बाहेक) अर्थात कूल रु. ३,१०,७५०।- (अक्षरेपी रु. तीन लाख दश हजार सात सय पचास मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**५. संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने समूह "क" अन्र्तगत उप-समुह ५ को संचालकहरुको निर्वाचन गर्ने ।**

संस्थापक शेयरधनीहरुको समूह "क" को उपसमूह ५ बाट संचालक समितिमा प्रतिनिधित्व गर्न एक जना संचालकका लागी भएको निर्वाचनमा उक्त उपसमूहवाट एक जनाको मात्र उम्मेदवारी परेकाले समूह "क" को उपसमूह ५ मा श्री मनोहर दास मुल निर्विरोध निर्वाचित हुनु भएकोले भनी निर्वाचन अधिकृत श्री विवेक घिमिरेले सभा समक्ष घोषण गर्नु भएकोले उक्त निर्वाचनको परिणामलाई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(ख) **विविध ।**

विविध अन्तर्गत छलफलका लागी अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि वुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

१४. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भएकोमा तथा छैटौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, सफतलापूर्वक निर्वाचन कार्यक्रम सम्पन्न गर्नु भएकोमा निर्वाचन अधिकृत तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै अपरान्ह २.३० बजे सभा विसर्जन गर्नुभयो ।

------------

**गणेश राज पोखरेल**
कम्पनी सचिव

---------------

**प्रदीप जंग पाण्डे**
अध्यक्ष